# बहुकक्षा बहुस्तर शिक्षण सिकाइ र यसको सान्दर्भिकता

**कृष्ण बहादुर जि.सी.**
**उप-प्राध्यापक**
**गोरखा क्याम्पस, गोरखा**
**gckrishna1986@gmail.com**

**Artical History**

| Received | Revised | Accepted |
| --- | --- | --- |
| 30th January, 2022 | 4th April, 2022 | 5th May, 2022 |

**अध्ययनको सार**

वर्तमान समयमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइलाई सिकाइको सन्दर्भमा नवीन प्रयोगका रुपमा लिने गरिन्छ। बहुकक्षा बहुस्तर शिक्षण सिकाइले विभिन्न कक्षाका विभिन्न सिकाइ स्तर भएका विद्यार्थीहरुलाई एकै ठाउँमा राखेर सिकाउने तरिकालाइ जनाउँछ। यस किसिमको सिकाइमा विद्यार्थीहरुले आफ्नो क्षमताअनुसार एकै परिवेशमा बसेर सिक्ने अवसर प्राप्त गर्दछन्। बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा विभिन्न उमेर समूहका बालवालिकाहरुको वैयक्तिक विभिन्नतालाई समेटेर सबैको आवश्यकता, रुचि तथा क्षमताको सम्बोधन हुने गरी शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गरिएको हुन्छ। यस सिकाइमा एक भन्दा बढी कक्षाका फरक फरक सिकाइ स्तर भएका बालवालिकाहरु एकै समयमा एउटै कक्षाकोठामा र एउटै बसाई व्यवस्थापनमा रहेर सिक्ने गर्दछन्। यसका लागि शिक्षक भने एक पटकमा एक जना मात्र हुने गर्दछ। व्यक्तिले आफ्नो क्षमताअनुसार आफै सक्रिय भएर हुने सिकाइले यस प्रक्रियामा निरन्तरता पाउने गर्दछ।

नेपालको सन्दर्भमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइको प्रयोग हुन थालेको एक दशक भइसकेको वर्तमान परिवेशमा यसको प्रयोग के-कसरी भइरहेको छ, यसबाट लाभान्वित व्यक्तिहरुको सिकाइको अवस्था के कस्तो छ, यस पद्धतिका समस्याहरु के-के छन् र ती समस्याहरु के-कसरी समाधान गर्न सकिन्छ भन्ने सन्दर्भमा उपायहरु प्रदान गर्ने उद्देश्य सहित यस अध्ययन कार्यलाई पूर्णता दिइएको छ। यसका साथै यो नयाँ किसिमको अभ्यास भएकोले यसको व्यापकता सम्भव छ वा छैन भन्ने तथ्यलाई पनि यस अध्यनबाट हेर्ने जमर्को गरिएको छ। काभ्रेपलाञ्चोक जिल्लालाई अध्ययन क्षेत्र बनाई गरिएको यस अनुसन्धानमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धति अवलम्बन गरिएका सम्पूर्ण विद्यालयहरु र त्यहाँ अध्ययन अध्यापनमा सङ्लग्न शिक्षक र विद्यार्थीहरु जम्मा जनसङ्ख्या रहेकोमा केवल तिनवटा विद्यालयहरुलाई अवस्था (Case) का रुपमा छनोट गरिएको छ। यस अनुसन्धानको नमूना आकारका रुपमा छनोटमा परेका तिनवटा विद्यालय तथा यसमा अध्ययन गर्ने विद्यार्थी र अध्यापन गर्ने शिक्षकहरु रहेका छन्। उद्देश्यमूलक नमूना छनोट विधिबाट यस अध्ययनका नमूनाको छनोट गरिएको छ। सबै तह र कक्षाका विद्यार्थीहरुलाई एकै ठाउँमा राखेर सिकाउनका लागि शिक्षकलाई कठिनाई भएको र सिकारुहरुलाई आवश्यक केही विषयवस्तु बाहेक सबै अवस्थामा यो पद्धति सान्दर्भिक नभएको यस अध्ययनबाट देखिएको छ। त्यसैले यसको प्रभावकारीताका लागि शिक्षकलाई आवश्यक तालिमको प्रबन्ध गर्ने र विद्यार्थीहरुलाई अनावश्यक रुपमा एकै ठाउँमा बस्नुपर्ने बाध्यता भन्दा पनि स्वेच्छाले नै सिमीत तथा नवीन कुराहरु सिकाउनका लागि मात्र एकै बसाईको व्यवस्थापन गरी सिकाउँदा यसको सान्दर्भिकता तथा प्रभावकारीता दुवै बढ्ने देखिन्छ। गुणात्मक अनुसन्धान ढाँचामा आधारित अध्ययन भएकोले यस अनुसन्धानबाट प्राप्त निचोडलाई भने समान गुणयुक्त जनसङ्ख्यामा सामान्यीकरण गर्न सकिँदैन।

**शब्दकुञ्जी**: बहुकक्षा बहुस्तर सिकाइ, थिङ्क पेयर सेयर, जिग्स, टेक्स कोडिङ।

## अध्ययनको पृष्ठभूमि

बहुकक्षा बहुस्तर शिक्षण औपचारिक किसिमबाट सिकाइ विश्वव्यापी रुपमा सन् १९५० पछि नै कार्यान्वयनमा आएको भएता पनि नेपालमा यसको प्रयोगको सन्दर्भको विगत लामो छैन। बहुकक्षा शिक्षण नेपालमा प्रचलित पुरानो तरिका हो। एकै समयमा एउटै कक्षामा दुई वा सो भन्दा बढि कक्षाका विद्यार्थीहरुलाई राखेर एक जना शिक्षकले शिक्षण गर्ने काम बहुकक्षा शिक्षण हो (NCED, सन् २००३)। विद्यार्थी सङ्ख्या न्यून भएका दुईवटा कक्षालाई एकै पटकमा सञ्चालन

गर्न सकिने यो विधिमा विद्यालयमा शिक्षकको सङ्ख्या पनि अपर्याप्त हुने, कोठाको अभाव हुने र असहज परिस्थितिमा शिक्षण गर्नुपर्ने जस्ता अवस्थाहरु उपयुक्त मानिन्छन् । नेपालका आधारभूत तहमा आवश्यक सङ्ख्यामा शिक्षक नभएर एउटै शिक्षकले एक पटकमा दुई वा सो भन्दा बढी कक्षालाई नियन्त्रण तथा शिक्षण पनि गर्नुपर्ने अवस्थामा यो विधि प्रचलनमा आएको छ । शिक्षा ऐन तथा नियमावलीमा भने विद्यालय तहमा आवश्यक पर्ने दरबन्दी निश्चित अनुपातका आधारमा मिलाएर वितरण गर्ने कुरा उल्लेख छ (शिक्षा नियमावली, २०५८) तर पनि यस किसिमको पर्याप्त दरबन्दी विद्यालयमा विभिन्न कारणले गर्दा पुग्न नसकेको र विद्यालय सञ्चालनका लागि बहुकक्षा शिक्षणलाई निरन्तरता दिनु पर्ने अवस्था विद्यमान रहेको छ । नेपालमा प्रजातन्त्र आएपछि नै खुलेका विद्यालयको व्यवस्थापनका लागि हालसम्म सरकारले आवश्यक पुरा दरबन्दी उपलब्ध गराई सिकाइ प्रक्रिया सहज बनाउन सकेको पाईंदैन । यस्तो अवस्थामा बहुकक्षा शिक्षणको विकल्प नै हुँदैन । यसबाट विद्यार्थीहरुले आफ्नो रुचिअनुसार सिक्न पाउने भन्दा पनि समयको सुपयोग सहित आफ्ना पाठ्यवस्तुमा थोरै धेरै जानकारी लिन सक्ने हुन्छन् । शिक्षकमा बहुकक्षा शिक्षणको ज्ञान तथा सीप हुनु यस विधिमा आवश्यक पूर्वशर्त पनि हो । सामान्य अवस्थामा शिक्षकलाइ बहुकक्षा तथा बहुस्तरको शिक्षण सिकाई सम्बन्धी तालिम दिएता पनि उनीहरु अधिक रुपमा बहुकक्षा शिक्षणमा मात्र केन्द्रित रहेको पाइन्छ (सेरीड, सन् २००३) । शिक्षक तालिमको सान्दर्भिकता पनि कतिपय अवस्थामा प्रभावकारी नभएको पाइन्छ यसका लागि अनुगमन गर्ने निकायका कमजोरीहरु प्रस्ट रुपमा देखिन्छन् ।

बहुकक्षा बहुस्तर शिक्षण विधिमा एकै पटकमा एक भन्दा बढी कक्षाका समान किसिमको सिकाइस्तर भएका विद्यार्थीहरुलाई एकै ठाउँमा राखेर शिक्षण गरिन्छ । शिक्षण सिकाइमा कतिपय विषयवस्तु त्यस किसिमका हुन्छन् जुन विभिन्न कक्षाका विद्यार्थीहरुलाई एकै ठाउँमा राखेर सिकाउँदा बढि प्रभावकारी हुन्छ र थोरै समयमा धेरै विद्यार्थीहरुलाई पर्याप्त जानकारी दिन तथा विविध विषयवस्तुहरु सिकाउन सकिन्छ । बहुकक्षा शिक्षणको अभ्यास विश्वका विकसित तथा विकासोन्मुख देशहरुमा चलिरहेको पाउन सकिन्छ जहाँ एउटै शिक्षकले एकै पटकमा दुई वा सो भन्दा बढी कक्षाका विद्यार्थीहरुलाई एकै ठाउँमा राखेर शिक्षण गर्दछन् (Angela Little, 1995) । यस अवस्थामा बहुकक्षा शिक्षण मात्र नभएर बहुस्तरको शिक्षण तथा सिकाइ पनि हुने गर्दछ । नेपालको आधारभूत विद्यालय तहमा यस किसिमको शिक्षण सिकाइ प्रक्रिया तथा विधिलाई वर्तमान समयमा व्यापक रुपमा प्रयोगमा ल्याइएको छ । यस किसिमको शिक्षणमा एउट शिक्षकले एकै पटकमा विभिन्न कक्षाका विद्यार्थीहरुलाई एकै बसाईमा धेरै कुराहरु सिकाउँदा विद्यार्थीहरुको रुचि अनुसारको शिक्षण हुने र सिकाइ उपलब्धिमूलक तथा व्यवहारीक बन्नुका साथै रोचक समेत हुने गर्दछ । स्थास्थ्य शिक्षा, आधारभूत ज्ञान तथा सीप, सरसफाई, प्रदूषण नियन्त्रण, कोरोना (COVID-19) जस्तै महामारीबाट बच्ने उपायहरु अवलम्बन गर्ने तरिका तथा सबैले जान्नु पर्ने विषयमा बहुकक्षा बहुस्तर शिक्षण विधि सामान्य मानिन्छ किनभने यस किसिमको विषयवस्तुको शिक्षण साधारण प्रक्रिया भित्र पर्दछ । चित्र कोर्ने, नृत्य गर्ने, गीत गाउने, कविता लेख्ने, भाषण गर्ने, कथा रचना गर्ने तथा सिर्जनात्मक गतिविधिहरु गर्ने खालका विषयवस्तुमा भने बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रिया विशिष्ट रुपमा प्रयोगमा आउन सक्छ । यसमा समान रुचि तथा चाहना भएका विभिन्न कक्षाका विद्यार्थीहरुलाई एकै ठाउँमा राखेर सिकाउने तथा प्रशिक्षित गर्ने काम गरिन्छ । यसबाट विद्यार्थीहरुले आफ्नो वास्तविक कक्षाको अवधारणा छोडेर एउटा नयाँ कक्षा तथा सिकाइ वातावरणको अनुभूति गर्दै सिकाइप्रति अग्रसर हुन्छन् । यसबाट उनीहरुलाई विद्यार्थी केन्द्रित विधिको माध्यमबाट सहज रुपमा सिकाउन र नयाँ कक्षा तथा समूहको अनुभूति समेत दिन सकिन्छ ।

कुनै पनि अध्ययनमा त्यस अध्ययनको समस्याको केन्द्रीय पक्ष नै समस्याको कथन हुने गर्दछ । यस अध्ययनमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ विधिको प्रयोगको अवस्था काभ्रेपलाञ्चोक जिल्लामा कस्तो रहेको छ ? वर्तमान अवस्थामा यसको सान्दर्भिकताको अवस्था के छ ? के यस विधिलाई सबै शिक्षकले नयाँ प्रवृत्तिकारुपमा प्रयोगमा ल्याउन सक्छन् ? के सबै कक्षामा यस पद्धतिलाई प्रयोगमा ल्याउन सकिन्छ ? यी प्रश्नहरु नै यस अध्ययनमा समस्याका कथनका रुपमा रहेका छन् । यसबाट बहुकक्षा शिक्षण सिकाइ प्रक्रियाको वास्तविक अवस्था पहिचान हुनुका साथै यसको सान्दर्भिकताको अवस्था पनि यस अध्ययनबाट उजागर हुने देखिन्छ ।

बहुकक्षा बहुस्तर शिक्षण सिकाइको सम्बन्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै परिवेशमा व्यापक रुपमा रहेको पाउन सकिन्छ ।

भारत, चीन, बंगलादेश तथा फिलिपिन्समा पनि यस किसिमको सिकाइ प्रक्रियालाई व्यापक स्थान दिइएको छ । नेपालका विभिन्न जिल्लाहरुमा पनि यस किसिमको सिकाइ प्रक्रियाको अभ्यास निरन्तररुपमा हुँदै आएको छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा विभिन्न प्रकारका विधिहरुको प्रयोग गर्न सकिन्छ । सर्वप्रथम सिकाउने विषयवस्तु निश्चित गरी त्यसका लागि आवश्यक पर्ने विभिन्न कक्षाका विद्यार्थीहरु जस्ले समान कामका लागि आफ्नो रुचि व्यक्त गर्दछन् तिनीहरुलाई छान्ने काम गुर्नपर्दछ । यस पछि बसाइको व्यवस्थापन सहित शिक्षक तथा प्रशिक्षकले सम्बन्धित विषयवस्तुमा ज्ञान तथा सीप सिकाउन सक्छन् । व्यक्तिगत सक्रियताका विभिन्न विधिहरु जस्तै थिङ्क पेयर सेयर, द्रुत लेखन, चित्रबाट पाठमा प्रवेश, टेक्स कोडिङ, पेयस चेक्सको प्रयोग गर्न सकिन्छ । यसका साथै यस शिक्षण सिकाइ प्रक्रियामा समूह सक्रियताका विधिहरु जस्तै जिग्स, अब मेरो पालो, एक बस्ने अरु छरिने र सोँचयुक्त सक्रियताका विधिहरु जस्तै जानेको सिक्न चाहेको सिकेको, धारणा सिकाइ, सिकाइ केन्द्र तथा के ? त्यसो भए के ? अब के ? को उचित रुपमा प्रयोग गर्न सकिन्छ (सिंह, २०७१) । यी विभिन्न विधिहरुको प्रयोग गर्नका लागि शिक्षकको सक्षमताको आवश्यकता पर्ने यस बहुकक्षा बहुशिक्षण विधिबाट प्राप्त उपलब्धि विद्यार्थीहरुका लागि दीर्घकालिन हुने गर्दछ । यो सिकाइ पद्धति नेपाल जस्ता विकासोन्मुख देशहरुका लागि नयाँ प्रवृत्तिमात्र नभएर शिक्षक अपर्याप्त हुने विद्यालयहरुका लागि अनिवार्यता पनि हो । बहुकक्षा बहुस्तर शिक्षण सिकाइबाट सिकारुको विविधता पहिचान गरी सिकाउन सकिने र उपलब्धिमूलक सिकाइ हुने गर्दछ । यसलाई बहुकक्षा बहुस्तर शिक्षण पद्धतिको सकारात्मक पक्ष मान्न सकिन्छ । तालिम प्राप्त शिक्षकको अभाव तथा मनोविज्ञानको ज्ञान न्यून हुने शिक्षकबाट यस किसिमको शिक्षण सिकाइ पद्धति अवलम्बन गर्न कठिन हुन्छ । यो यस पद्धतिको नकारात्मक पक्ष हो । वर्तमान समयमा जुन विद्यालयमा यस विधिको प्रयोग गरी शिक्षण गरिएको छ ती विद्यालयका विद्यार्थीहरुमा यस विधिको सान्दर्भिकता कस्तो रहेको छ भन्ने कुरा पनि यस अध्ययनबाट पहिचान गर्न खोजिएको छ ।

## अध्ययनको औचित्य

यस अध्ययनबाट प्राप्त नतिजाको आधारमा नेपालमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइको वर्तमान अवस्था तथा अभ्यास के रहेछ ? यस किसिमको शिक्षण गर्नका लागि के कस्ता समस्या तथा व्यवधानहरु रहेका छन् ? ती समस्याको समाधानका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ ? भन्ने सम्बन्धमा सरोकारवालाहरुले जानकारी लिन सक्नेछन् । यसैका आधारमा सम्बन्धित विभिन्न जिल्ला तथा विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रियाको विस्तार गर्नका लागि पनि आधार प्राप्त हुनेछ । यसका साथै वर्तमान समयमा परम्परागत शिक्षण सिकाइ विधिको प्रयोगको अवस्थामा कसरी नयाँ विधिको प्रयोगबाट विद्यार्थी केन्द्रित शिक्षण गरी सिकाइलाई उपलब्धिमूलक र सिकारु केन्द्रित बनाउन सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित व्यक्ति तथा निकायले आवश्यक निर्णय लिन सक्नुलाई यस अध्ययनको औचित्यका रुपमा लिइएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नअनुसार रहेका छन् :

क) बहुकक्षा बहुस्तर शिक्षण सिकाइको वर्तमान अवस्था पहिचान गर्नु,
ख) बहुकक्षा बहुस्तर शिक्षण सिकाइका समस्याहरु पहिचान गर्नु,
ग) बहुकक्षा बहुस्तर शिक्षण सिकाइका समस्या समाधानका लागि उपायहरु बताउनु ।

## अनुसन्धान प्रश्न

यस अध्ययनमा राखिएका उद्देश्यको विशिष्टिकरणका लागि निम्नअनुसार अनुसन्धान प्रश्नहरु तयार पारिएको छ :

क) बहुकक्षा बहुस्तर शिक्षण सिकाइको अवस्था तथा सान्दर्भिकता कस्तो छ ?
ख) बहुकक्षा बहुस्तर शिक्षण सिकाइका समस्याहरु के-के छन् ?
ग) बहुकक्षा बहुस्तर शिक्षण सिकाइका समस्या समाधानका उपायहरु के-के हुन सक्छन् ?

## अध्ययनको परिसीमा

सिमित समय, स्रोत तथा साधनको दृटिकोणबाट यस अध्ययनका लागि निश्चित जिल्ला, विद्यालय, विद्यार्थी र शिक्षकलाई

छानिएको छ । यस अध्ययनका लागि काभ्रेपलाञ्चोक जिल्लाका तिनवटा विद्यालयहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छानिएको छ । तिनवटा विद्यालयका शिक्षक र विद्यार्थीमा मात्र यस अध्ययनलाई सिमितिकरण गरिएको छ । त्यसैले अवस्था अध्ययनको रुपमा तिनवटा विद्यालयमा यस अध्ययनलाई सिमित गरिएकोले प्राप्त निष्कर्षलाई ठूलो जनसङ्ख्यामा सामान्यीकरण गर्न सक्ने देखिदैन ।

## अध्ययनको सैद्धान्तिक समिक्षा

यस अध्ययनको सैद्धान्तिक पक्ष अन्तर्गत वि.एफ.स्किनरको क्रियापरक सम्वन्ध प्रत्यावर्त्तन सिकाई सिद्धान्तलाई विश्लेशण गरि हेर्ने प्रयास गरिएको छ । स्किनरको सिद्धान्तले सिकाइ के हो र यो कसरी व्यक्तिको बाहिरी व्यवहारमा देखिन्छ भन्ने सम्बन्धमा गरेको तर्कलाई यस सन्दर्भमा समिक्षा गरिएको छ जुन बहुकक्षा बहुस्तर शिक्षण सिकाईका सन्दर्भमा प्रायोगिक हुने देखिन्छ ।

क्रियापरक सिद्धान्तलाई Pavlov को शास्त्रीय सम्बन्ध प्रत्यावर्तन सिद्धान्तको विकसित रुप पनि मानिन्छ (भट्टराई, २०७६) । क्रियापरक सिद्धन्तका अनुसार प्राणीले कुनै उत्तेजनाप्रति आफैंले व्यवहार देखाउँछ । बी. एफ. स्किनरका अनुसार ज्ञात उद्दीपक (Known stimulus) बाट देखाउने प्रतिक्रियाहरुलाई प्रतिक्रियात्मक व्यवहार (Respondent behavior) भनिन्छ  जुन Pavlov को सिद्धान्तमा पाइन्छ र कुनै पनि उद्दीपकप्रति आफैंले देखाउने प्रतिक्रिया चाँही क्रियापरक व्यवहार (Operant behaviour) हो । उनले प्रसिद्ध अनुभववादी (Empiricist) John Locke को रित्तो कालो पाटी (Tabula rasa) को विरोध गर्दै मानिसलाई प्रतिक्रियाको लागि जन्मजात प्रवृत्ति (Inborn instinct) भएको प्राणीको रुपमा प्रस्तुत गरेका छन् र प्याभलभको स्वचालित सम्बन्ध प्रतिक्रियाको सट्टा उद्देश्यपूर्ण सम्बन्ध प्रतिक्रियाको सिद्धान्त अघि सारेका छन् ।

कुनै पनि सिकाइ हुनको लागि सिकाइ प्रक्रियामा सिकारु सक्रिय भएर लाग्नुपर्छ । क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिकाई प्रतिक्रिया उद्दीपक (R-S) शृङ्खलामा आधारित छ जसमा प्रतिक्रियालाई पुनर्बल (Reinforcement) द्वारा अभ्यस्त बनाउँदै लगी व्यवहारमा परिवर्तन गराउनु सिकाइ हो । प्राणीले आफ्नो ऐच्छिक प्रतिक्रियाहरुद्वारा वातावरणमा परि वर्तन ल्याएर सिक्ने र प्रतिक्रिया पश्चात् मात्र पुनर्बल प्राप्त हुने हुदा पुनर्बलले प्रतिक्रियालाई सही मार्गतर्फ अग्रसर गराउँछ । Skinner कै शब्दमा 'An organism learns mainly by producing changes in its environment.' अतः संक्षेपमा भन्दा प्राणीद्वारा प्रदत्त सही व्यवहारलाई पुनर्बल दिने उद्दीपकसँग सम्बन्धित गराएर सिकिने सिकाइ नै क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिकाइ हो ।

### क. सिकाइको संयन्त्र

कुनै पनि प्राणी आफ्नो अवश्यकताबाट अभिप्ररित भएर व्यवहार प्रदर्शन गर्दछ अर्थात् कुनै आवश्यकता पूरा गर्न प्राणीले प्रतिक्रिया देखाउँछ र पनर्बलले उक्त प्रतिक्रियालाई स्थायी एवम् अभ्यस्त गराउँछ । प्राणी निरन्तर पुनर्बलका कारण कुनै कुरा सिक्न सक्षम हुन्छ । अतः यो नै क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिकाइको आधारभूत प्रक्रिया हो । यस सिद्धान्तका आधारभूत प्रतिक्रियाहरुको रुपमा क्रियापरक व्यवहार प्रदर्शन (Demonstration of operant behavior), सामीप्यता (Contiguity), पुनर्बल (Reinforcement) र अभ्यास (Practice) लाई लिन सकिन्छ ।

यस सिद्धान्तअनुसार सिकाइको प्रक्रिया अस्वाभाविक उद्दीपक (CS), अस्वाभाविक प्रतिक्रिया (CR), स्वाभाविक उद्दीपक (UCS), तथा स्वाभाविक प्रतिक्रिया (UCR) मा आधारित छ । जस्तै मुसाले खाना प्राप्त गर्नका लागि छेस्किनी थिच्नु । यस प्रक्रियामा छेस्किनी अस्वाभावीक उद्दीपक (CS) हो, थिच्नु अस्वाभाविक प्रतिक्रिया (CR) हो, खाना स्वाभाविक उद्दीपक (UCS) हो र खानु स्वाभाविक प्रतिक्रिया (UCR) हो । पुर्नबलका कारणले प्राणीले प्रतिक्रियाको मात्रालाई पनि घटबढ गराउने गर्दछ । त्यसैले अस्वाभाविक उद्दीपक (CS) र स्वाभाविक उद्दीपक (UCS) का बीचमा सम्बन्ध स्थापना गरी प्राणीको व्यवहारमा परिवर्तन ल्याउनुलाई सिकाइ भन्ने गरीन्छ ।
यस सिद्धान्तका मुख्य सैद्धान्तिक अवधारणाहरु निम्नानुसार रहेका छन्:

**१. मौलिक व्यवहारवाद**

स्किनरले आफ्नो सिकाइ सिद्धान्त अनुसारको व्यवहारलाई शुद्ध वा मौलिक व्यवहारवाद भनेका छन् । यस वाद अनुसार व्यवहारहरु अवलोकन गर्न सकिने घटनाहरु हुन् । त्यस किसिमका अवलोकनयोग्य व्यवहारहरु मात्र स्वीकार गर्न सकिन्छ जुन उद्दीपक र तिनीहरुको व्यवहारिक प्रतिक्रियाका रुपमा देखा पर्दछन् । स्किनरका अनुसार व्यवहार चिन्तन प्रक्रिया, अनुभूति र आन्तरिक प्रक्रिया (सिकारुको संज्ञान वा चेतना) मा भर पर्दैन । बरु वातावरणमा स्वाभाविक घटनाहरुको रुपमा ती घट्दछन् । त्यसैले स्किनरको सिकाइ सिद्धान्त एउटा मौलिक र फरक चिन्तन मान्ने गरीन्छ ।

**२. प्रतिक्रियात्मक तथा क्रियात्मक व्यवहार**

स्किनरले प्राणीका व्यवहारलाई दुई किसिमबाट व्याख्या गरेका छन् । तात्कालीन समयमा देखिएको उद्दीपकप्रतिका प्रतिक्रियाहरु प्रतिक्रियात्मक व्यवहारहरु हुन् । जस्तैः आगोले वा बढी ताप भएको बस्तुले पोल्दा आत्था भन्नु, कडा घामको प्रकाशमा आँखा झिम्क्याउनु आदि यसका उदाहरणहरु हुन् भने भविष्यको गर्भमा लुकेका उद्दीपकप्रति पनि वर्तमान समयमा प्रतिक्रिया जनाइन्छ र उक्त उद्दीपक प्राप्त गरीन्छ भने त्यस प्रकारका व्यवहारहरुलाई क्रियात्मक व्यवहार भन्ने गरीन्छ जस्तैः अँध्यारो कोठामा कुनै वस्तुको खोजी गर्नं । यी व्यवहारहरुलाई संक्षेपमा S-R र R-S व्यवहारहरु भनेर चिनिन्छ । क्रियापरक सिकाइ सिद्धान्तमा आफ्नो वातावरणमा स्वःस्फूर्त रुपमा उत्पन्न हुने व्यवहार बाट एक पटक सही प्रतिक्रिया देखिएमा मात्र पुनर्बल दिइन्छ जसले प्रतिक्रियाको दरलाई बढाउँछ । जस्तै : कुनै एउटा बालकले प्रथम पटक कुनै व्यक्तिलाई नमस्कार गरेवापत चकलेट पायो भने उसले त्यो व्यक्ति वा अन्य व्यक्तिलाई भेट्दा नमस्कार गर्दछ किनकि नमस्कार गर्दा चकलेट पाइन्छ ।

**३.व्यवहारको आकृतीकरण**

व्यक्तिको व्यवहारमा आउने विशिष्ट प्रकारको परिवर्तन व्यवहारिक परिवर्तन हो । यस सिद्धान्तका आधारमा प्राणीको व्यवहार परिवर्तन गर्नका लागि पुनर्बल⁄ सम्वलनको प्रयोग उचित किसिमबाट गर्न सकिन्छ । आफूले चाहेको व्यवहारिक परिवर्तनका लागि यो सिद्धान्तको प्रयोग गर्न सकिने भएकोले यो पनि अर्को सैद्धान्तिक अवधारणा अन्तर्गत पर्दछ । सही प्रतिक्रियालाई पुनर्बल प्रदान गरी क्रमिक रुपमा सुधार गर्दै सिकाइ वा सिकारुको व्यवहारलाई निश्चित आकार प्रदान गरीन्छ अर्थात् सिकारुले व्यवहारमा स्थायित्व प्राप्त गर्दछ भने त्यो व्यवहारको आकृतीकरण हो । इच्छाइएको वा लक्ष्यअनुसारको व्यवहारलाई आदतमा परिणत गर्नु व्यवहारको आकृतीकरण हो । यसका लागि सकारात्मक पुनर्बल प्रदान गर्नुपर्दछ । व्यवहारको आकृतीकरणमा २ वटा तत्वहरुलाई समावेश गरीएको छः

**१.विविधात्मक पुनर्बल**

विविधात्मक पुनर्बल भन्नाले सिकारु तथा प्रणीले देखाउने सबै प्रक्रियाहरुलाई पुनर्बल नदिएर इच्छा गरीएका प्रतिक्रियाहरुलाई मात्र पुनर्बल दिइन्छ । यसरी पुनर्बल दिंदा इच्छित व्यवहार वा प्रतिक्रिया मात्र विकास भई बानीमा परिणत हुन्छ जसलाई व्यवहारको आकृतीकरण भएको मानिन्छ ।

**२.क्रमागत सामीप्यता**

क्रमागत सामीप्यता भन्नाले ती इच्छित प्रतिक्रियाहरुलाई मात्रै पुनर्बल प्रदान गरीन्छ जुन सफलतातर्फ बढ्दो क्रममा हुन्छन् । व्यवहारको आकृतीकरणको सिद्धान्तलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**क.सामान्यीकरण**

कुनै सिकारु तथा प्राणीले एक अवस्थामा सिकेको ज्ञान, सीप तथा अनुभवलाई अर्को अवस्थामा प्रयोग गर्न सक्दछन् भने त्यसलाई सामान्यीकरण भनिन्छ । स्किनरको प्रयोगमा मुसाले लिभर थिच्ने क्रममा पहिलो प्रतिक्रिया भन्दा दोस्रो, तेस्रो तथा चौथो प्रतिक्रिया छिटो गर्दछन् किनकि जहाँ प्रक्रियाको सामान्यीकरण (Response generalization) भइसकेको छ र लिभर थिच्दा खाना आउँछ भन्ने सामान्यीकरण गर्दछ । कुनै खास उद्दीपकप्रति प्रतिक्रिया दिन अभ्यस्त भइसकेछि त्यस्तै खालको कुनै अर्को उद्दीपकको माध्यमबाट पनि उस्तै प्रतिक्रिया देखाउँछ भने त्यसलाई उद्दीपकको सामान्यीकरण (Stimulus generalization) भनिन्छ । यसरी उद्दीपक र प्रतिक्रियाको सामान्यीकरण गर्न सक्ने हुनु भनेको व्यवहारको

आकृतीकरण हुनु पनि हो ।

### ख.बानी प्रतिस्पर्धा

व्यवहारको आकृतीकरण एउटा सही बानीले अर्को प्रतिस्पर्धी  गलत बनीमाथि प्रभाव पार्ने गर्दछ । सही र गलत प्रतिक्रिया वा व्यवहार मध्ये सहीलाई पुरस्कृत, स्याबासी, धन्यवाद दिदैं पुनर्बलित गर्ने र गलतलाई वास्ता नगर्ने, पुरस्कार नदिने र निरुत्साहित गरी अगाडि बढ्ने हो भने सही बानीको मात्र विकास हुन्छ र गलत बानी त्याग्ने हुन्छ । त्यो सही प्रतिक्रिया वा व्यवहार बानीको रुपमा विकास हुनु व्यवहारको आकृतीकरण हुनु हो ।

### ग.शृङ्खला

स्किनर भन्छन् कि श्रृङ्खला भनेको केही चरहरु उत्पादन वा परिवर्तन गर्ने प्रक्रिया हो जसले पछि गरीने प्रतिक्रियाको लागि उद्दीपकको रुपमा कार्य गर्दछ । यस्ता  श्रृङ्खलाले कार्यमा समावेश हुने कामको क्रमिकतालाई बुझाउँछन् । एउटा श्रृङ्खलाले भावी वा अर्को प्रतिक्रियाको सफलताका लागि सहयोग पुऱ्याउँछ । यसर्थ उद्दीपक प्रतिक्रियाको एउटा श्रृङ्खला पूरा गर्दै अघि बढ्यो भने त्यसैको आधारमा व्यवहार आकृतीकरण हुन्छ । उद्दीपक र प्रतिक्रिया (S-R) र यससँग सम्बन्धित पक्षहरुकाबीचमा श्रृङ्खला कायम गर्न सक्यो भने प्रतिक्रिया वा व्यवहारहरु एउटा ढाँचामा आउँछन् जसबाट सिकाइमा प्रभावकारिपन एवम् स्थायित्व आउँछ । जस्तैः शब्दको ज्ञानको लागि वर्ण, जोड, घटाऊ, गुणा र भागको हिसाब गर्नको लागि क्रमशः अक्षर, अक्षर एवम् अङ्क-अङ्कमा श्रृङ्खला हुन आवश्यक छ ।

### ४. प्रासङ्गिक वा सम्भाव्य अनुबन्धन

यो शिक्षक तथा विद्यार्थीबीच हुने परिस्थितिजन्य तत्कालीन सम्झौता हो । लिखित  वा मौखिक रुपमा शिक्षक र विद्यार्थीबीच हुने एक किसिमको सहमति वा सम्झौता कायम गर्न प्रासंगिक अनुबन्धन हो । यस्तो सम्झौता कुनै खास लक्ष्यलाई विशिष्टीकृत हुने गरी शिक्षक र विद्यार्थी दुवै मिलेर बनाउने गर्दछन् । यसले विद्यार्थीमा चाहेको व्यवहार प्राप्त गर्नका लागि आवश्यक पर्ने विशिष्ट किसिमको पुनर्बल पैदा  गर्दछ । यसबाट कुनै खास व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ । जस्तैः गृहकार्य पुरा गराउने, कक्षामा सिकाइ वातावरण बनाउन, छलफल तथा अन्य कुनै कार्यमा सहभागी गराउन सकिन्छ  । यसबाट विद्यार्थीहरुमा पुनर्बल तथा प्रेरणा पैदा हुन जान्छ र कार्यमा संलग्न गराई सिकाइ सफल बनाउन सकिन्छ ।

स्किनरले सन् १९७८ मा शिक्षक किन असफल भए (Why teacher failed?) नामक पुस्तक प्रकाशित गरे । त्यसमा उनले औपचारिक शिक्षामा शिक्षकहरुले विद्यार्थीहरुका चाहना र रुचि विपरीत जबर्जस्ती नियन्त्रण (Aversive control) कायम गरी शिक्षण गराएका कारण असफल भएको निष्कर्ष निकालेका  थिए । सिकाइ विद्यार्थीहरुका लागि रुचिपूर्ण नभएको, उनीहरुको व्यवहार तथा क्रियाकलापप्रति नकारात्मक रुपबाट हेरिएको र दण्डित गरीएको उल्लेख गर्दै उनले दण्डको विकल्पका रुपमा पुनर्बल प्रदान गर्नँपर्छ । शिक्षक असफल हुनका पछाडि उसले विद्यार्थीहरुप्रति गर्ने व्यवहार नै पर्याप्त छ भन्दै उनले विद्यार्थीहरुलाई अनुपयुक्त ढङ्गबाट सिकाइएका कारण उनीहरुले तुरुन्तै बिर्सिने गरेको ठहर गरे । त्यसैले स्किनरले आफ्नो कार्यपरक अभ्यस्तता सिकाइ सिद्धान्तमार्फत उत्तेजना र प्रतिक्रिया (R-S) को सम्बन्ध जति बलियो भयो त्यति नै सिकाइ बलियो हुने र त्यसमा पुनर्बलको भूमिका महत्वपूर्ण हुने धारणा राखेका छन् ।

## अध्ययको विधि

अध्ययन विधिले अनुसन्धान कार्यको रोडम्याप (Roadmap) प्रष्ट पार्दछ । कुनै पनि अनुसन्धान कार्यमा कुन विधिबाट अध्ययन गर्ने, त्यस अध्ययनको जनसङ्ख्या कुन हो, नमूना छनौटको विधि के हो, सूचना सङ्कलनका विधिहरु के के हुन् र तिनीहरुको वैधताको परिक्षण कसरी गरिएको छ भन्ने कुराले अध्ययनको विधिलाई जनाउने गर्दछ । यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । अवस्था अध्ययनको उपागम सहित यस अध्ययनमा विभिन्न किसिमका सूचना सङ्कलनका स्रोतको प्रयोग गरी निचोड निकाल्ने प्रयास गरिएको छ ।

### जनसङ्ख्या तथा नमूना छनोट

यस अध्ययनमा काभ्रेपलाञ्चोक जिल्लाका छनोटमा परेका तिनवटा विद्यालयका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरु जनसङ्ख्याका रुपमा रहेका छन् । यसै गरी ती विद्यालयका आधारभूत तहमा अध्यापन गर्ने शिक्षकहरु पनि यस अध्ययनको जनसङ्ख्याका रुपमा रहेका छन् । यसका साथै जिल्लामा भएका विद्यालयहरुमध्ये उद्देश्यमूलक नमूना छनोट विधिबाट तिनवटा विद्यालय, ती विद्यालयका बहुकक्षा बहुस्तर शिक्षण हुने कक्षाका विद्यार्थी र शिक्षण गर्ने शिक्षकलाई पनि उद्देश्यमूलक नमूना छनोट विधिबाट नै छानिएको छ । अध्ययनकर्ताले आफ्नो सहजता, स्रोत, साधन र समयको हिसाबले यहाँ उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरेको हो ।

### सूचना सङ्कलन प्रक्रिया

यस अध्ययनमा अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा आफै उपस्थित भई प्रत्यक्ष अवलोकन, गहन अन्तर्वार्ता र लक्षित समूह छलफलको माध्यमबाट सूचना सङ्कलन गर्ने काम गरेकोले प्राथमिक स्रोतबाट सूचनाको सङ्कलन गरिएको छ । यस अध्ययनमा द्वितीय माध्यमबाट भने कुनै सूचनाहरु सङ्कलन नगरिएकोले प्राथमिक स्रोत नै सूचनाको मुख्य स्रोत रहेको छ । सूचना सङ्कलनका साधनहरुको प्रयोगबाट आवश्यक सूचना तथा जानकारीहरु प्राप्त गरिएको यस अध्ययनमा प्रत्यक्ष अवलोकनबाट कक्षाकोठामा शिक्षण तथा सिकाइको अवस्था हेरी जानकारी लिइएको छ । यसका साथै सम्बन्धित बहुकक्षा बहुस्तरमा शिक्षण गर्ने शिक्षकसँगको गहन अन्तर्वार्ता र बहुकक्षा बहुशिक्षणमा सहभागी विद्यार्थीहरुसँगको समूह छलफलबाट आवश्यक सूचनाहरु सङ्कलन गरिएको छ ।

### सूचनाको व्याख्या र विश्लेषण

यस अध्ययमा सङ्कलित सूचनाहरुलाई आसयगत रुपमा व्यवस्थीत गरी विश्लेषण गरिएको छ । बहुकक्षा बहुस्तर शिक्षण सिकाइ र यसको सान्दर्भिकताको सन्दर्भमा विभिन्न शीर्षक तयार पारी यस अध्ययनबाट सङ्कलित सूचनाहरुको व्याख्या र विश्लेषण गरिएको छ । उद्देश्यका आधारमा शीर्षक तयार पारी गरिएको यस विश्लेषणमा प्राप्त अवस्था लाई वि.एफ.स्किनरको क्रियापरक सम्बन्ध प्रत्यावर्त्तन सिकाइ सिद्धान्तसँग पनि जोडिएको छ । प्रतिवेदन लेखनका लागि सूचनाको सङ्कलन गर्दा उपयोगमा ल्याइएको रुजु सूचीलाई समेत आधार मानिएको यस लेखमा सूचनाको व्याख्या र विश्लेषणलाई निम्नअनूसार प्रस्तुत गरिएको छः

### बहुकक्षा बहुस्तर शिक्षण सिकाइको अवस्था

बहुकक्षा बहुस्तरका लागि छ प्रकारका शैक्षणीक आयामहरुले प्रभाव पार्ने गर्दछन् (Miller, सन् १९९१) ती आयामहरुमा कक्षाकोठाको सङ्गठन, कक्षाकोठाको व्यवस्थापन र अनुशासन, शैक्षणिक सङ्गठन र पाठ्यक्रम, शैक्षणिक प्रक्रिया र समूह, आत्म निर्देशित सिकाइ र समूह शिक्षण । यस न्दर्भमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइको अवस्था भित्र बहुकक्षाको व्यवस्थापन, बहुस्तरका विद्यार्थीहरुको समूह, शिक्षणको विषयवस्तु, शिक्षकको प्रस्तुति तथा सिकाइ प्रक्रिया र मूल्याङ्कन पद्धति रहेको पाइयो । यी विविध अवस्थाको आधारमा बहुकक्षा बहुस्तर सिकाइ र यसको सान्दर्भिकताको बारेमा जानकारी लिन सकिन्छ । यी विविध पक्षहरुलाई उपशीर्षकका रुपमा यस अध्ययनमा निम्न अनुसार प्रस्तुत गरिएको छः

### बहुकक्षाको व्यवस्थापन

बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा मुख्यतया विभिन्न उमेर, कक्षा, क्षमता र स्तरका विद्यार्थीहरु समान समूहमा रहेर सिक्ने गर्दछन् (Little, सन् १९९५) । यस अध्ययनका लागि छानिएका तिन वटै विद्यालयमा बहुकक्षा बहुस्तरको शिक्षण सिकाइ प्रक्रिया नयाँ अभ्यासका रुपमा रहेको अवलोकनबाट पहिचान भयो । तिन वटै विद्यालयमा यस किसिमको कक्षा व्यवस्थापनका लागि पहिलो प्राथमिकता कक्षा तथा शिक्षक सङ्ख्या कम भएको र विद्यार्थीहरु धेरै भएको अवस्थालाई दिएको पाइयो । सामान्य अवस्थामा कक्षाकोठाको अभाव भएको र शिक्षक सङ्ख्या पनि कम भएको परिवेशमा बहुकक्षा शिक्षण गर्ने नेपालको परम्परागत प्रचलन हो । यस अवस्थामा शिक्षकले आफ्नो अनुभव तथा क्षमताका आधारमा बहुकक्षा शिक्षण र प्रचलित विधिको प्रयोग गर्न सक्छन् (काफ्ले र अर्याल, सन् २०००) । यसका आधारमा कक्षालाई व्यवस्थापन गर्दा विद्यालयका सम्पुर्ण कक्षाहरु ठीक किसिमबाट सहज रुपमा चल्न सक्ने देखियो । दोस्रो प्राथमिकता भने

यी विद्यालयहरुमा विद्यार्थीको समान रुचि तथा स्तरलाई दिएको पाइयो । यस अवस्थामा निश्चित समय निर्धारण गरेर प्रत्येक दिन एउटा कक्षा विद्यार्थीको सिकाइ स्तरका आधारमा सञ्चालन गर्ने प्रबन्ध मिलाएको पाईयो । यसका लागि शिक्षकले बहुकक्षाका बहुस्तर भएका विद्यार्थीहरुलाई शिक्षण गर्न सक्छ वा सक्दैन भन्ने कुरा प्रधानाध्यापकले पहिले नै निर्धारण गरेर कक्षा व्यवस्थापन गरेको पाइयो । बहुकक्षा बहुस्तरमा शिक्षण गर्नका लागि केही शिक्षकलाई निश्चित विषयवस्तुमा आधारित भएर पहिले नै तालिम दिइदो रहेछ । सहभागी शिक्षकका बिचारमा यस किसिमको शिक्षणका लागि तालिम लिएको व्यक्ति मात्र उपयुक्त हुँदो रहेछ । बालकेन्द्रित सिकाइ र उत्तेजना प्रतिक्रियाको सम्बन्धबाट हुने सिकाइका लागि शिक्षकले विद्यार्थीको क्रियाकलाप पहिचान गरेर सिकाउनु पर्ने भएकोले शिक्षकहरु तालिम प्राप्त देखिए । यस अवस्थामा शिक्षकले मैले कुनै एउटा निश्चित कक्षाका विद्यार्थीहरुलाई मात्र शिक्षण गर्ने काम नगरी समान सिकाइ स्तर भएका विद्यार्थीहरुको एउटा समूहलाई सिकाइरहेको छु भन्ने कुराको अनुभुति गर्न सक्ने रहेछन् । स्किनर को सम्बन्ध प्रत्यावर्त्तन सिद्धान्तका आधारमा सम्भाब्यताको व्यवस्थापन (विद्यार्थीको सिकाइको स्तर तथा कक्षाकोठा) सहित कक्षाहरुको व्यवस्थापन गरेको अवस्था तिन वटा विद्यालयमा रहेको पाइयो । तिनै वटा विद्यालयमा आरमदायी कक्षाकोठा, पर्याप्त डेस्क बेञ्च, सेतो पाटी, उपयुक्त संवातन, ताप तथा प्रकाशको प्रबन्ध समेत गरेको पाइयो । यस कक्षामा विद्यार्थीहरु निश्चित विषयवस्तु सिक्नका लागि आफ्नो कक्षा छोडेर निश्चित समयका लागि आउने र सिकेर फर्कने गर्दा रहेछन् । यसबाट एउटा छुट्टै किसिमको सिकाइ वातावरणका लागि विद्यार्थीहरु तयार भएर त्यहाँ सिक्न आउने र आफ्नो सिकाइ सक्षमता वृद्धि गरेर उनीहरु फर्कने गरेको पाइयो ।

### बहुस्तरका विद्यार्थीहरूको समूह छनोट

छनोटमा परेका विद्यालयहरुमा बहुस्तरका विद्यार्थी चयनको प्रक्रिया समान रहेको पाइयो । तालिममा विद्यार्थी छनोट गर्ने तरिका शिक्षकलाई सिकाएको भएर हुनपर्दछ शिक्षकले पहिले सबै विद्यार्थीहरुलाई समूहमा राखेर हामीले यस किसिमका विषयवस्तुहरु पनि सिकाउँछौं, तिमिहरुलाई आफ्नो रुचि तथा इच्छा लाग्ने विषयवस्तु र क्रियाकलापका सहभागि बन्न सक्छौ भन्ने निर्देशन शिक्षकले दिएपछि विद्यार्थीले आफ्नो रुचि तथा सिकाइस्तरका आधारमा विषयवस्तु छान्ने रहेछन् । जस्तै पहिलो विद्यालयमा चित्रकलामा रुचि हुनेहरुले हात उठाऊ भने पछि त्यहाँबाट छानिएका केही विद्यार्थीहरु यस विषयवस्तुका लागि छानिए । त्यसै गरी अर्को कक्षामा पनि चित्रकलामा रुचि राख्ने विद्यार्थीहरु छानेर एकै ठाउँमा सहभागी गराइएको रहेछ । बिस वा पच्चिस जना विद्यार्थी नपुग्दासम्म यसरी फरक फरक कक्षाबाट समान रुचि तथा स्तर भएका विद्यार्थीलाई छानेर समूह तयार पारिँदो रहेछ । यस किसिमको अभ्यास दोस्रो र तेस्रो विद्यालयमा पनि पाइयो ।

यसबाट बहुस्तरका विद्यार्थीहरु विभिन्न कक्षाबाट शिक्षकको सहयोगमा बहुकक्षा तथा बहुस्तरका विद्यार्थीहरुको समूह तयार पारिने रहेछ । निश्चित विषयवस्तुको सिकाइका लागि समान स्तरका देखिए पनि विद्यार्थीहरु बहुस्तरका एउटै समूहमा सहभागी हुने गरेको पाइयो । यसबाट विद्यार्थी चयनका लागि उनीहरुको रुचिले पहिलो प्राथमिकता र शिक्षकको उत्प्रेरणाले दोस्रो स्थानका रुपमा कार्य गरेको पाइयो । यसबाट आत्म निर्देशित सिकाइ र समूह सिकाइको प्रक्रिया पनि सहज रुपमा अगाडि बढेको पाइयो ।

### शिक्षणको विषयवस्तु

बहुकक्षा बहुस्तर शिक्षणमा सिकाइको विषयवस्तु साधारण कक्षामा भन्दा विशिष्ट रहेको पाइयो । तिन वटै विद्यालयको नयाँ अभ्यास भएकोले ती विद्यालयमा शिक्षणको विषयवस्तु पाठ्यक्रम विकास केन्द्र तथा स्थानीय पाठ्यक्रमका आधार मा तय गरिएको जानकारी अन्तर्वार्ताका क्रममा शिक्षकबाट पाइयो । सिकाइको विषयवस्तु चयन गर्नका लागि चित्र बनाउने, भौतिक बस्तुहरुलाई तिनीहरुको गुणका आधारमा समूहिकृत गर्ने, पेन्टिङ्ग गर्ने, कविता लेख्ने, कथा रचना गर्ने तथा वक्तृत्व क्षमता विकास गर्ने खालका विषय क्षेत्रहरुलाई प्राथमिकतामा राखेको पाइयो । यसैगरी गणितका समस्या समाधान गर्ने, स्वास्थ्य तथा सरसफाई, प्रदुषण नियन्त्रण र महामारी रोगका रोकथामका उपायहरु जस्ता विषयहरु पनि छनोट गरेर प्रयोगमा ल्याउन सकिने धारणा सहभागी शिक्षकहरुको रहेको थियो । यस अध्ययनमा आधारभुत तहका विद्यार्थीहरुमा मात्र संलग्न भएकोले राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्त्वका विषयलाई यहाँ उठाउने प्रयास गरिएन ।

## शिक्षकको प्रस्तुति तथा सिकाइ प्रक्रिया

नेपालको सन्दर्भमा सन् १९८० पछि शिक्षक तालिमका सन्दर्भमा विभिन्न किसिमका प्रवर्त्तनहरु आएको पाइन्छ (श्रेष्ठ, सन् १९९३) । बहुकक्षा शिक्षण र यसका लागि शिक्षण सिकाइ प्रक्रियाका विभिन्न ढाँचाहरु समेत विकास भइसकेका छन् । यस अध्ययनमा बहुकक्षा बहुस्तरमा शिक्षण गर्नका लागि तिन वटै विद्यालयका शिक्षकहरु तालिमप्राप्त रहेको पाइयो । उनीहरुको सिकाइको शैली पनि मिलेको थियो । पहले ती शिक्षकहरुले आफ्नो सिकाइ प्रक्रियाको सुरुमा विद्यार्थीहरुलाई आज उनीहरुले सिक्ने विषयवस्तुको बारेमा जानकारी दिन्थे । त्यस पछि विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गरी विषयवस्तुलाई क्रमशः प्रस्तुत गर्दै अगाडि बढ्थे । यसबाट स्किनरको सिकाइ सिद्धान्तअनुसार उद्धिपक तथा प्रतिक्रियाको निरन्तरताबाट सिकाइ हुने प्रष्ट देखिन्थ्यो । विद्यार्थीसँगको छलफलबाट पनि पहिला शिक्षकले आज सिक्ने विषयवस्तुको जानकारी दिने र आफुहरु तयार भएपछि शिक्षकको गतिविधिसँगै विद्यार्थीहरु पनि अगाडि बढ्ने गरेको पाइयो । यसबाट सिकाइ प्रक्रिया पूर्णरुपमा विद्यार्थी केन्द्रित, गरेर सिक्ने प्रक्रियामा आधारित, रुचि तथा बहुस्तरमा आधारित रहेको पाइयो । यस किसिमको सिकाइलाई मन्टेस्वरी पद्धतिमा आधारित सिकाइका रुपमा पनि लिन सकिन्छ । अध्यनको क्रममा केही विद्यार्थीहरुका धारणाहरु लिने प्रयास गरिएको थियो । सिकाइ प्रक्रियाको सन्दर्भमा विद्यार्थीको धारणा यस प्रकार रहेको थियो:

मेरो नाम सन्तोष तामाङ हो । म कक्षा ४ मा अध्यन गर्दछ । मलाई गणित विषय अत्यन्तै मन पर्दछ । म आफू भन्दा अग्रज दाजु दिदीसँग पनि सँगै बसेर गणितका हिसावहरु समाधान गर्न चाहन्छु । यसका लागि बहुकक्षा बहुस्तर शिक्षण सिकाइ निकै प्रभावकारी भएको छ । किनभने कक्षा ५ मा अध्यन गर्ने दाइ दिदीहरुसँग आफुले पनि जानेका करारहरु आदान प्रदान गर्दा नयाँ कुरा पनि जान्न सकिने र आफूमा पनि आत्मविश्वास बढ्ने गर्दछ ।

यस प्रसङ्गमा पनि बहुकक्षा बहुस्तर शिक्षण सिकाइ जान्ने विद्यार्थीका लागि निकै उपयोगी हुने देखिन्छ । त्यसै गरी कमजोर विद्यार्थीले पनि अवसर पाउँदा सिक्नका लागि अग्रसरता देखाउन सक्ने देखिन्छ । यसका लागि अर्को विद्यार्थीको धारणा यसरी लिइएको थियो :

म सिर्जना खनाल कक्षा ५ मा पढ्छु । म कक्षामा औषत विद्यार्थी हु । मलाई साथीसँग बसेर पढ्न मन पर्दछ । आफ्नो कक्षा र आफुभन्दा साना कक्षाका भाइ बहिनीसँग बसेर समान किसिमको विषयवस्तुमा छलफल गरी नयाँ कुरा जान्न पाउँदा खुशी लाग्छ । यसबाट आफुले मात्र मिहिनेत गरेर सिक्ने प्रक्रिया भन्दा विभिन्न सिकाइ स्तर भएका विद्यार्थीहरुसँग बसेर छलफल गर्दा सिकेको कुरा पनि दीर्घकालिन हुने र सिक्नका लागि पनि सहज हुने रहेछ ।

यस तथ्य/प्रतिक्रियाबाट पनि बहुकक्षा बहुस्तर शिक्षण सिकाइ औषत स्तरका विद्यार्थीहरुका लागि समेत उपयोगी बन्न सक्ने देखिन्छ । यसरी बहुकक्षा बहुस्तर शिक्षण सिकाइले एकातर्फ विद्यार्थीहरुमा उत्प्रेरणा जागृत गराउने र अर्को तर्फ सिकाइ रोचक तथा प्रभावकारी हुन सक्ने देखिन्छ । शिक्षकको विचारमा कक्षागत रुपमा भन्दा बहुकक्षा बहुस्तर सिकाई प्रक्रियाको रुपमा निश्चित विषयवस्तु सिकाउनका लागि निकै सान्दर्भिक हुने देखिन्छ । शिक्षकको विचार यस प्रकार रहेको थियो:

म प्रेम हुमागाईं विगत ११ वर्षदेखि यस विद्यालयमा गणित विषय अध्यापन गराउँदै आइरहेको छु । मेरो अनुभवमा विद्यार्थीहरु समान कक्षाका हुँदा सिकाउनका लागि विभिन्न विधिहरुको प्रयोग गर्दा पनि उनीहरुमा उपलब्धि हासिल गराउन कठिन हुन्छ तर विभिन्न कक्षाका र विविध सिकाइस्तर भएका विद्यार्थीहरुलाई सिकाउदा एक पटक भन्दा वा हिसाव गर्न लगाउदा पनि उनीहरुले त्यसलाई ग्रहण गर्न सक्ने र आफु आफुमा छलफल गरेर धारणा स्पष्ट पार्ने भएको ले सिकाइ सहजीकरणका लागि मलाई पनि सजिलो भएको छ । शिक्षकको सङ्ख्या न्यून भएको अवस्थामा मात्र नभई अन्य अवस्थामा पनि विद्यार्थीहरुमा प्रतिष्पर्धात्मक सिकाइका लागि यो विधि निकै प्रभावकारी हुने म ठान्दछु ।

यस दृष्टिकोणबाट पनि सिकाइ सहजीकरणका लागि बहुकक्षा बहुस्तर शिक्षण सिकाइ पद्धतिमा शिक्षकलाई सजिलो हुने देखिन्छ । यसरी शिक्षक तथा विद्यार्थी दुवै पक्षको दृष्टिकोणबाट हेर्दा पनि बहुकक्षा बहुस्तर शिक्षण सिकाइको सान्दर्भिकता बढ्दै जान सक्ने देखियो ।

### मूल्याङ्कन पद्धति

यस अध्ययनका लागि छानिएका विद्यालयहरुमा सिकाइको क्रममा मूल्याङ्कन पनि परम्परागत भन्दा फरक किसिमबाट गरेको पाइयो । प्रत्येक कक्षामा विद्यार्थीहरुलाई तोकिएको समयमा काम सकेमा सकारात्मक पूनर्वल र समयमा सक्नका लागि विद्यार्थीहरुलाई उत्प्रेरणा प्रदान गरिन्थ्यो भने काम समयमा नसक्ने विद्यार्थीका लागि शिक्षकको सहयोगमा काम सक्न मद्धत गरिन्थ्यो तर नकारात्मक पूनर्वलको भने अन्त्यन्तै नगन्य प्रयोग भएको पाइएको थियो । स्किनरको सिद्धान्त अनुसार सिक्नका लागि उत्प्रेरणाले पनि मद्धत गर्दछ भने सम्बलन वा पूनर्वलले महत्वपूर्ण भूमिका खेल्दछ (भट्टराई, २०७६) । यसबाट विद्यार्थीको सिकाइ आफ्नो स्तर तथा क्षमताका आधारमा भएको छ वा छैन भन्ने कुराको जानकारी सम्बन्धित शिक्षक तथा विद्यार्थी समेतले थाहा पाउन सक्ने देखियो ।

यसरी विषयवस्तु चयन, विद्यार्थी समूह, सिकाइ प्रक्रिया र मूल्याङ्कनलाई आधार मान्दा छानिएका विद्यालयमा बहुकक्षा बहुस्तरको शिक्षण सिकाइ पूर्ण रुपमा सान्दर्भिक देखिएको थियो । यसबाट सबै विद्यालयहरुले यस किसिमको अभ्यास तथा सिकाइ प्रक्रियालाई निरन्तरता दिनका लागि मार्ग प्रशस्त हुने देखियो ।

### बहुकक्षा बहुस्तर शिक्षण सिकाईका समस्याहरू

बहुकक्षा तथा बहुस्तर शिक्षण सिकाइका सन्दर्भमा विभिन्न किसिमका समस्याहरु पनि देखिए । समस्या बिना यस किसिमको सिकाइ प्रक्रिया सम्भव भएको होइन । बहुकक्षा बहुस्तरको शिक्षण सिकाइ विद्यालयमा सामान्य जस्तो देखिए तापनि यससँग सम्बन्धित विभिन्न किसिमका समस्या रहेको पाइयो । केही समस्याहरु निम्नअनुसार रहेका छन् :

### पाठ्यक्रम सम्बन्धी समस्या

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ चलिरहेका छानिएका विद्यालयहरु यसका लागि अलग्गै पाठ्यक्रम नभई प्रचलित पाठ्यक्रमलाई नै प्रयोगमा ल्याएको पाइयो । यसले के देखाउँछ भने प्रारम्भिक दिनमा शिक्षकको तालिम तथा सक्षमताले यस कार्यलाई निरन्तरता दिन सकिन्छ तर पनि सबै अवस्थामा यसबाट अपेक्षाकृत उपलब्धि हाँसिल हुन्छ भन्न सकिँदैन । त्यसैले विद्यालय तहमा रहेका गणित, सामाजिक अध्ययन, पेशा तथा व्यवसाय, सिर्जनात्मक कला र शारीरिक शिक्षाका केही अंशमा मात्र यसको प्रयोग सार्थक र सान्दर्भिक देखियो । यसका अतिरिक्त बहुकक्षा बहुस्तर शिक्षण सिकाइका लागि नीतिगत रुपमा नै पाठ्यक्रमको तयारी गर्न नसकेकोले यसलाई छुट्टै नविन अभ्यासका रुपमा व्यापकता प्रदान गर्न समस्या आउने देखियो । विद्यार्थीको रुचि पहिचान गरेर शिक्षकले नै स्वःविवेकद्वारा यसका लागि पाठ्यक्रमको प्रयोग गरेको देखियो । यो दीर्घकालीन रुपमा समस्यायूक्त विषयवस्तु हो ।

### विद्यार्थी सहभागिता सम्बन्धी समस्या

बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा थोरै विद्यार्थी हुँदा खासै समस्या देखिएन तर पनि विद्यार्थी सङ्ख्या धेरै भएको अवस्थामा कति विद्यार्थीलाई यस प्रक्रियामा सहभागि गराउने र कसरी गराउने भन्ने सम्बन्धमा कुनै मापदण्ड विद्यालयले बनाएको पनि पाइएन । यसैले कतिपय विद्यार्थीलाई यस सिकाइ प्रक्रियामा जबरजस्ती सहभागि गराउनु पर्ने र कतिपय विद्यार्थी आफूले चाहेको अवस्थामा पनि सहभागि बन्न नसक्ने देखियो । निश्चित विषयवस्तुमा मात्र यस प्रक्रियालाई कार्यान्वयनमा ल्याउँदा विद्यार्थीहरुका नियमित अध्ययन गर्ने विषयवस्तु सिक्नका लागि पनि असहजता आउने देखियो । त्यसैले विद्यार्थी यस प्रक्रियामा अतिरिक्त क्रियाकलापमा जस्तै सहभागि हुने प्रक्रिया भन्दा पनि आफ्नै निश्चित मापदण्डका आधारमा सहभागि हुने र सिक्ने अवसर दिन नसक्नु यस प्रक्रियाको कमजोर पक्षका रुपमा रहेको पाइयो । विद्यार्थी सहभागितामा कुनै मापदण्डको व्यवस्था हुन नसक्नु छनोट गर्ने व्यक्तिको तजबिजीमा आधारित हुने प्रक्रिया हो ।

### अनुगमन तथा सुपरीवेशक्षण सम्बन्धी समस्या

बहुकक्षा बहुस्तर सिकाइमा सम्बन्धित शिक्षकले शिक्षण गर्ने जिम्मा लिएर जुन काम गरेको पाइयो त्यो के कस्तो भइरहे को छ भन्ने सम्बन्धमा विद्यालयका प्रधानाध्यापक तथा सम्बन्धित प्रशासक वा व्यक्तिले हेर्ने गरेको पाइएन । शिक्षण गर्ने शिक्षकमा मात्र भर परी उनीहरुका यस सिकाइ प्रतिका सबै गतिविधिहरु ठिक छन् भनेर आँखा चिम्लेर बस्नु आफैमा समस्या हो । त्यसैले अरु शिक्षकलाई त्यति चासो नहुने र विद्यालय प्रशासनले सम्बन्धित शिक्षकलाई सबै जिम्मा दिए

जसरी कुनै वास्ता नगर्नु अनुगमन तथा सुपरिवेक्षणको समस्या हो । यसबाट विषय शिक्षकले आफूलाई अनुकुल हुने गरी सिकाउने र सिकाइ प्रक्रिया अगाडि बढाउन सक्छ जुन सबै अवस्थामा सान्दर्भिक हुने देखिँदैन ।

### बहुकक्षा बहुस्तर शिक्षणका समस्या समाधानका उपायहरू

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रियामा देखिएका कमिकमजोरी तथा समस्या समाधानका लागि विभिन्न किसिमका उपायहरु अबलम्बन गर्नँ जरुरी देखिन्छ । यससँग सम्बन्धित केही समाधानका उपायहरुलाई शिक्षक तथा विद्यार्थीको प्रतिक्रिया र अवलोकनका आधारमा निम्न अनुसार उल्लेख गर्न सकिन्छः

### पाठ्यक्रमको व्यवस्थापनका लागि नीतिगत प्रावधान स्पष्ट पार्ने

बहुकक्षा बहुस्तर सिकाइमा एकै बसाइमा विभिन्न किसिमको सिकाइस्तर भएका विद्यार्थीहरुले सिक्न सक्ने र उनीहरुका रुचि मात्र मिल्ने अवस्थामा एकै ठाउँमा समावेश गरिने भएकोले केन्द्रबाट नै नीतिगत रुपमा पाठ्यक्रम अलग्गै व्यवस्थापन हुन सकेमा यस सिकाइ प्रक्रियाको उच्च प्रभावकारीता देखिन्छ। यदि पाठ्यक्रम नै बहुकक्षा बहुस्तर शिक्षण सिकाइका लागि भनेर निर्माण गरेको अवस्थामा एउटा व्यवसायीक वा सिर्जनात्मक धारको विकास हुने पनि देखिन्छ । त्यसैले कुनै विषयमा निश्चित प्रतिशत स्थानीय स्तरमा निर्माण गर्न मिल्ने गरी वा अलग्गै विषयका रुपमा केन्द्रले नै यस किसिमको पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउनु उपयूक्त हुने देखिन्छ ।

### विद्यार्थी छनोट तथा सहभागिताको मापदण्ड तयार पार्ने

परम्परागत रुपमा राखिएका विद्यार्थीलाई कक्षाकोठाबाट रुचिका आधारमा छनोट गरी बहुकक्षा बहुस्तर शिक्षण सिकाइमा सहभागि गराउने प्रक्रिया सामान्य कामचलाउ मात्र हो । यसको वैज्ञानिकताका लागि विद्यालयले निश्चित मापदण्ड तयार गरी विद्यार्थीलाई रुचि, क्षमता, आवश्यकता, स्तर, सक्षमता आदिका आधारमा छानेको अवस्थामा सिकाइको प्रभावकारिता तथा सान्दर्भिकता बढेर जान्छ । त्यसैले विद्यार्थीलाई यस प्रक्रियामा हचुवाको भरमा नछानेर निश्चित किसिमको विधि तथा पद्धति र प्रक्रियाबाट छान्ने काम गर्दा बालअधिकारको संरक्षण तथा सामाजिक न्याय हुने देखिन्छ। यसबाट उनीहरुको पहुँच, सहभागिता, अवसरको सदुपयोग तथा आन्तरिक सक्षमताको विकास हुने गर्दछ ।

### अनुगमन तथा सुपरिवेक्षणमा जोड दिने

तालिम प्राप्त शिक्षकले लिने बहुकक्षा बहुस्तरको कक्षामा त्यति धेरै समस्याहरु छैनन् । सबै अवस्थामा तालिम प्राप्त शिक्षकले मात्र यस किसिमको सिकाइ प्रक्रियामा सहभागिता जनाउँछ  भन्ने छैन। त्यसैले विद्यालय प्रशानसको तर्फबाट प्रधानाध्यापक, सहायक प्रधानाध्यापक वा कुनै दक्ष तथा अनुभवी शिक्षकले यस प्रक्रियाको नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने काम लाइ निरन्तरता दिन सकेमा यस सिकाइ प्रक्रियाको प्रभावकारीता बढेर जान्छ । सबै किसिमका सिकाइ प्रक्रियाको अनुगमन तथा निरिक्षण हुनुपर्दछ तर पनि यो नयाँ अभ्यास तथा प्रयोग भएकोले यसको सुपरिवेक्षणमा निकै ध्यान दिनु उपयूक्त हुन्छ ।

बी.एफ.स्किनरको सम्बन्ध प्रत्यावर्त्तन सिकाइ सिद्धान्तका आधारमा उत्तेजना तथा प्रतिक्रियाको सहयोगमा सिकाइको सम्भावनाका लागि यो सिकाइ प्रक्रिया पूर्णरुपमा सफल भएको मानिन्छ। सम्बन्ध प्रत्यावर्त्तन सिद्धान्त अनुसार उचित कामका लागि सकारात्मक पूनर्वल, खराव आदत हटाउनका लागि नकारात्मक पूनर्वल तथा सिकाइमा उत्प्रेरणाको प्रयो गलाई यस सिकाइ प्रक्रियामा प्रयोगमा ल्याएको पाइयो । यसबाट व्यक्तिको व्यवहारको आकृतिकरण, सम्भाव्यताको व्यवस्थापन, विद्यार्थी केन्द्रित सिकाइ, विशिष्ट उद्देश्यको निर्माण तथा प्रयोग र कार्यपरक व्यवहारका लागि विद्यार्थीहरुलाई क्रियाशिल बनाउने प्रक्रिया सम्बन्ध प्रत्यावर्त्तन सिकाइको प्रयोग हो भन्न सकिन्छ । यसका साथै बानीको प्रतिष्पर्धा, विविधतायुक्त पूनर्वलको प्रयोग, सामान्यीकरण र सही व्यवहारको श्रृङ्खलालाई पनि यस सिकाइ प्रक्रियामा सम्बन्ध प्रत्यावर्त्तन सिकाइ सिद्धान्तको प्रयोगका रुपमा लिन सकिन्छ। यसरी स्किनरको सिद्धान्तका आधारमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रिया अगाडि बढ्ने र यसले विद्यार्थीहरुमा अपेक्षाकृत सिकाइ उपलब्धि हाँसिल गर्नका लागि मद्धत पुऱ्याउने निचोडमा पुग्न सकिन्छ ।

### प्राप्ति तथा निष्कर्ष

बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रिया वर्तमान समयमा नेपालमा प्रचलित नयाँ शिक्षण तथा सिकाइ प्रक्रिया हो । एकै पटकमा एउटै शिक्षकले दुई वा सो भन्दा बढि कक्षाका समान किसिमको रुचि तथा क्षमता भएका तर सिकाइस्तर मा विविधता भएका विद्यार्थीहरुलाई सिकाउने प्रक्रिया बहुकक्षा बहुस्तर शिक्षण सिकाइ हो । नेपालमा बहुकक्षा शिक्षण सिकाइको अभ्यासको इतिहास पुरानो भएता पनि बहुकक्षा तथा बहुस्तर शिक्षणको प्रक्रिया भने वर्तमान समयमा मात्र प्रचलनमा आएको हो । यस अध्ययनका लागि काभ्रेपलाञ्चोक जिल्लाका तिनवटा विद्यालय छानिएका थिए । ती विद्यालयहरुमा वि.सं. २०७२ सालको भुकम्प पछि मात्र यस किसिमको सिकाइको अभ्यास आरम्भ भएको थियो । ती विद्यालयमा गरिएका कक्षा अवलोकन, शिक्षकसँगको अन्तर्वार्ता र विद्यार्थीसँगको छलफलबाट निम्नलिखित प्राप्तिहरु पाइयो:

क.बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रिया नयाँ अभ्यास भएकोले कार्यान्वयनमा सन्दर्भमा केही जटिलता भएता पनि रोचक तथा उपलब्धिमूलक सिकाइ प्रक्रिया हो ।

ख.शिक्षकहरु तालिम प्राप्त, दक्ष तथा सक्षम भएको अवस्थामा मात्र यस किसिमको सिकाइ प्रक्रियालाई निरन्तरता दिन सकिन्छ ।

ग.बहुकक्षा बहुस्तर शिक्षण सिकाइ क्रियाकलाप अलग्गै पाठ्यक्रममा आधारित नभई प्रचलित पाठ्यक्रमभित्रका पाठ्यांशका आधारमा अभ्यासमा आएको छ ।

घ.यस सिकाइ प्रक्रियामा विद्यार्थी छनोटका लागि कुनै विशिष्ट मापदण्ड छैन त्यसैले थोरै विद्यार्थी हुँदा यसको प्रयोगमा सहजता छ भने धेरै विद्यार्थी भएमा दैनिक एकभन्दा बढी कक्षाहरु यसमा आधारित भई लिनुपर्दा समस्या आउने देखिन्छ ।

ङ.यस सिकाइ प्रक्रियामा शिक्षण तथा सिकाइको जिम्मेवार सम्बन्धित शिक्षकलाइ नै बनाइएको छ । यसबाट सबै अवस्थामा

शिक्षकको विवेक तथा सक्षमता अनुसार उपलब्धि हाँसिल हुन सक्ने देखिँदैन ।

च.यस सिकाइ प्रक्रियामा अनुगमन तथा सुपरिवेक्षणको राम्रो व्यवस्था छैन । यसको प्रभावकारीताका लागि अनुगमन प्रक्रियालाई व्यवहारीक तथा समय सान्दर्भिक बनाउनुपर्ने देखियो ।

यसरी अध्यनकर्ताको रुपमा मैले यस कार्यमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ प्रक्रियालाई वर्तमान समयमा निकै सान्दर्भिक पाएँ । विभिन्न किसिमका समस्या भएता पनि यस किसिमको शिक्षण सिकाइ प्रक्रियालाई विद्यालयका सबै कक्षा तथा तहमा विस्तार गर्न सकिएको अवस्थामा यसको प्रभावकारिता पनि बढ्न सक्ने मैले महसुस गरेँ ।

### निष्कर्ष

बहुकक्षा बहुस्तर शिक्षण सिकाई प्रक्रियालाई नेपालको सन्दर्भमा नयाँ प्रयोग तथा अभ्यासको रुपमा लिइन्छ । बहुकक्षाको धारणा धेरै पुरानो भएको र यसको अभ्यासको निरन्तरतामा वर्तमान समयमा बहुस्तरको सिकाइ प्रक्रिया थपिएको हो । थोरै समयमा एउटै शिक्षकबाट एक भन्दा बढी कक्षाका विभिन्न सिकाइस्तर भएका विद्यार्थीहरुलाई सिकाउँदा शिक्षामा समताको अभ्यासले मूर्तरुप लिने देखिन्छ । यसका लागि नेपालका विभिन्न जिल्लामा यस किसिमको सिकाइ प्रक्रियाको व्यापकताका लागि नीतिगत रुपमा नै व्यवस्था गर्न सकिन्छ । शिक्षक तथा कक्षाकोठाको अभावको अवस्थामा पनि प्रयोगमा ल्याउन सकिने यस किसिमको सिकाइ प्रक्रिया विद्यार्थीहरुका विविधतायुक्त स्तरलाई समावेशी तवरबाट सहभागी गराएर सिकाउनका लागि निकै उपयोगी मानिन्छ । निश्चित व्यक्ति वा शिक्षकले मात्र सिकाइ प्रक्रिया हालका दिनमा सञ्चालन गर्न सक्ने देखिएकोले शिक्षकलाई तालिम दिएर होस् वा उनीहरुको विज्ञता र अनुभवको प्रयोग गरेर भएपनि यस किसिमको सिकाइ प्रक्रियाको व्यापकताका लागि सम्बन्धित सबै सरोकारवालाहरु लाग्नुपर्ने देखिन्छ । यस प्रक्रियमा देखिएका विविध समस्याको समाधान गरेर अगाडि बढ्न सकेमा पनि यस सिकाइ प्रक्रियाको व्यापकता वृद्धि हुने देखिन्छ । बी.एफ.स्किनरको सम्बन्ध प्रत्यावर्त्तन सिद्धान्तका आधारभुत तथा सैद्धान्तिक पक्षहरुको पालना गरी शिक्षण तथा सिकाइ प्रक्रिया अगाडि बढ्ने यस किसिमको सिकाइलाई देशव्यापी बनाउन सकेमा सबै तह र वर्गका शिक्षक

तथा विद्यार्थीहरुलाई फाइदा पुग्ने देखिन्छ । त्यसैले बालकेन्द्रित सिकाइका सन्दर्भमा यस सिकाइ प्रक्रियालाई सम्बन्धित सरोकारवाला सबैले व्यापक र व्यवस्थित बनाउनका लागि समयमै ध्यान दिनु जरुरी हुन आउँछ । यसबाट समय सापेक्ष शिक्षण सिकाइको प्रभावकारीताका लागि समेत थप मद्दत पुग्न सक्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


भट्टराई, होमनाथ (२०७६), *शिक्षा मनोविज्ञान,* काठमाण्डौः रत्नपुस्तक भण्डार ।

सिंह, गणेश बहादुर, (२०७१), *सक्रिय तथा सोचयूक्त शिक्षण सिकाइ विधिहरु,* (दो.सं.), काठमाडौंः जुपिटर पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि.।

CERID/TU (2003). *A Study on Multi-grade/Multi-class Teaching: Status and Issues.* Kathmandu: Author.

HMG (2058 B.S.). *Education Act and Regulations* (Seventh Amendment) 2058. Kathmandu: Author.

Kafle, B.D. & Aryal, P.N. (2000). Teacher Education Practices in Nepal: Some Pedagogical Issues in Bajracharya et al. (eds.). *Education and Development* (pp.113-125). Kathmandu: CERID.

Little, A. (1995). *Multi-grade Teaching: A Review of Research and Practice* (A Multigrade Teaching Project). Institute of Education, University of London.

Little, A. (2003). *Multi-grade Teaching.* A paper presented at international seminar held at Kathmandu: CERID.

Miller, B. (1991). *Teaching and Learning in the Multi-Grade Classroom: Student Performance and Instructional Routines in ERIC Digest/ERIC Clearinghouse on Rural Education and Small Schools,* Charleston WV.

NCED (2003). *Primary Teacher Training Curriculum: Pre-Service,* Bhaktapur: Author.

Shrestha, K.N. et al. (1993). *An Evaluation of Primary Teacher Training Initiatives During the 1980's*: Primary Education Development Project Nepal, Technical Assistance (ADB) Policy Studies, Kathmandu: MOEC, Nepal/ADB.